नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

प्रेस-विज्ञप्ति

राष्ट्रकवि माधव प्रसाद घिमिरेको भारतको हरियाणा राज्यको गुडगावँस्थित मेदान्ता अस्पतालको हाइकेयर युनिटमा राखी उपचार भइरहेको छ । नेपालको ग्राण्डी अस्पतालमा विगत केही समयदेखि उपचार भइरहेकोमा आन्तरिक रक्तश्राव नरोकिएपछि वहाँलाई थप उपचारका लागि उक्त अस्पतालमा यही जेष्ठ ९ गते भर्ना गरिएको हो ।

उपचारको सिलसिलामा राष्ट्रकवि घिमिरेको इण्डोस्कोपी, कोलोनोस्कोपी र क्याप्सुल इण्डोस्कोपी विधि प्रयोग गरिएको र वहाँको स्वास्थ्यस्थिति सुधारोन्मुख रहेको कुरा अस्पतालका निर्देशक डा. नरेश त्रेहान तथा उपचारमा संलग्न चिकित्सक डा. रणधिर सुदले जनाउनु भएको छ । उपचार अझै केही दिन जारी रहने समेत संलग्न चिकित्सकहरूले बताउनु भएको छ ।

राष्ट्रकवि घिमिरेलाई उपचारको क्रममा लागेको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने निर्णय भइसकेको तथा सम्माननीय प्रधानमन्त्री श्री के. पी. शर्मा ओलीज्यूबाट राष्ट्रकवि घिमिरेको स्वास्थ्य उपचारमा कुनै कमि आउन नदिन निर्देशन भएको छ । साथै, नेपाली राजदूतावास, नयाँ दिल्लीले उक्त अस्पतालसँग सम्पर्कमा रही वहाँको स्वास्थ्य स्थितिका बारेमा निरन्तर जानकारी लिइरहेको छ ।

मितिः २०७५/०२/११